# रुपन्देही उद्योग संघमा तीज मिलन कार्यक्रम

बुटवल, भदौ ५ (मेसस)। रुपन्देही उद्योग संघअन्तर्गत महिला उद्यमी समितिको आयोजनामा तीज मिलन कार्यक्रम बुटवलमा सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रादेवी अर्यालले तीजको गीत गाएर कार्यक्रमको उद्घाटन गर्दै उत्सवको माहोललाई झनै रंगीन बनाइन्।

उनले तीज पर्व केवल महिलाको मात्र पर्व नभई सम्पूर्ण नेपाली समाजको साझा चाडका रूपमा विस्तार भएको उल्लेख गर्दै यस पर्वलाई सामाजिक विभेदविरुद्ध, अधिकार, समानता र आत्मनिर्भरता प्रवर्द्धन गर्ने अवसरका रूपमा अघि बढाउनुपर्नेमा जोड दिइन्। उनले अहिलेको अवस्थामा हरेक महिलाले आत्मनिर्भरताका लागी उद्यमशीलतामा ध्यान दिनुपर्ने अवस्था आएको विषयमा सचेत हुनुपर्ने र त्यसका लागि स्थानीय सरकारले हरेक घरको गृहिणीलाई स्व-रोजगार बनाउने अभियान चालेकाले बेरोजगार महिलाहरु तत्काल सम्पर्कमा आउन अनुरोध गरिन्।

महिला उद्यमी समिति अध्यक्ष पार्वती गिरीको अध्यक्षता रहेको कार्यक्रममा स्वागत गर्दै उनले तीज मिलनलाई महिला उद्यमीहरूबिच आत्मीयता र एकताको प्रतीकका रूपमा उल्लेख गर्दै उद्यमशीलता र संस्कृतिको समन्वयबाट मात्रै महिला सशक्तिकरण सम्भव भएको धारणा राखिन्।

रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटाले संघले सामाजिक उत्तरदायित्व अन्तर्गत महिला सशक्तिकरणलाई प्राथमिकतामा राख्दै आएको स्मरण गर्दै, यस प्रकारका कार्यक्रमहरूले आपसी सद्भाव र सहकार्यलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए।

उनले संस्कृति जोगाउँदै तडक-भडकभन्दा परिपक्व ढंगले तीज मनाउनुपर्ने आवश्यकता औंल्याउँदै, उद्योग क्षेत्रमा औद्योगिक विकासको कामनासहित संघको निरन्तर अभियान जारी रहेको बताए।


पूर्व अध्यक्ष परिषद्का संयोजक एवं पूर्व अध्यक्ष डम्बरदेव अर्यालले संघको ऐतिहासिक पृष्ठभूमिबारे जानकारी गराउँदै शुभकामना मन्तव्य राखेका थिए।

त्यसैगरी महिला सचिव मञ्जु भुसालले सो अवसरमा शुभकामना मन्तव्य राख्दै अहिलेका महिला, अधिकार माग्ने मात्र होइन समस्या समाधानमा पनि जिम्मेवारी छन् र उद्यमशील क्षेत्रको नेतृत्व गरेर अगाडि बढ्न सक्ने बताइन्। कार्यक्रमको सञ्चालन महिला उद्यमी समिति सचिव कमला पन्थले गरेकी थिइन्।

कार्यक्रममा निवर्तमान पूर्व अध्यक्षहरू एजाज आलम, तेजकुमार पाठक, बोनिन पियाँ, बाबुराम बोहोरा, निवर्तमान अध्यक्ष माधवप्रसाद पौडेल, संघका पदाधिकारी, कार्यसमिति सदस्य सल्लाहकार एवं महिला उद्यमी सदस्यहरूको पारिवारिक सहभागिता रहेको थियो।



# ढोरपाटन र निसेलढोरमा फल्न छाड्यो स्याउ



ढोरपाटन, भदौ ५। यस वर्ष निसेलढोर र ढोरपाटनमा स्याउ नफलेपछि किसान चिन्तित बनेका छन्। निसीखोला गाउँपालिका-५ निसेलढोरको कुँडे, गाभा, काङलगायतका स्थानमा स्याउ उत्पादन नभएपछि किसान चिन्तित भएका हुन्। निसेलढोरसँगै ढोरपाटन नगरपालिका-९ को नवी, भूजी, स्यालपाखेलगायत क्षेत्रमा पनि स्याउ उत्पादनमा गिरावट आएको छ।

जिल्लामा सबैभन्दा बढी स्याउ फल्ने क्षेत्रमै उत्पादनमा कमी आएको छ। स्थानीय हेमराज सापकोटाले चार रोपनी क्षेत्रमा लगाएको स्याउले यस वर्ष १० प्रतिशत पनि उत्पादन नदिएको बताए। झण्डै एक दशकदेखि स्याउखेती गर्दै आएकामा पछिल्लो तीन वर्षदेखि उत्पादन निरन्तर घट्दै गएको उनले गुनासो गरे।

'अघिल्लो वर्ष कम उत्पादन भए पनि यस वर्ष अधिकांश स्याउका बोट रित्तो छन्।

जलवायु परिवर्तनका कारण समस्या भएको छ। पहिले समयमा नै वर्षा हुने हुँदा राम्रो उत्पादन हुने गरेको थियो। पछिल्ला केही वर्ष यता समयमा पानी पर्दैन। लाखौँ लगानी गरेर खेती गरेको स्याउ नफल्दा ठूलो नोक्सानी भएको छ,' सापकोटाले भने,'यस वर्ष त अचम्मै भयो, रूखमा एउटा/दुई वटा दानाबाहेक देखिँदैनन्। स्याउका बोट सबै खाली छन्। यही हिसाबले त आगामी वर्ष एउटा पनि दाना फल्दैन कि भन्ने डर छ।'

किसान मनबहादुर घर्तीले गत हिउँदमा लामो खडेरी पर्दा स्याउ उत्पादन हुन नसकेको बताए। स्याउ उत्पादन हुँदा किसानले लाखौँ नोक्सानी बेहोर्नुपरेको उनको भनाइ छ। इटालियन फुजी जातको बाहेक अन्य जातको स्याउ नफलेको घर्तीले सुनाए। 'पोहोर परार सालमा एक/डेढ लाखको स्याउ बिक्री हुन्थ्यो, यसपालि त दुई हजारको पनि फलेन,' उनले भने,'हिउँदमा लामो समय खडेरी भयो, हिउँ पनि परेन। हिउँ परे त स्याउ राम्रो उत्पादन हुन्थ्यो, वर्षा नै नहुँदा यो समस्या आयो।'

जिल्लाभर ५६ दशमलव ९२ हेक्टर क्षेत्रमा स्याउखेती हुने गरेको छभने वर्षेनी ३३१ दशमलव दुई मेट्रिक टन स्याउ उत्पादन हुँदै आएको थियो। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले यस वर्ष उत्पादनमा ठूलो मात्रामा गिरावट आएको बताउ।


## मालपोत कार्यालय अर्घाखाँचीबाट तेजि विश्वकर्मा नाउँको जग्गा श्रेस्ता कायम सम्बन्धी विषयमा मिति २०८२/०५/०५ मा जारी भएको ३५ दिने सूचना

यसमा जिल्ला अर्घाखाँची साविक अर्घा गा.वि.स. वडा नं. २ हाल सन्धिखर्क नगरपालिका वडा नं. ९ ठेगाना भएको टिका बहादुरकी बुहारी चुरा बहादुरकी श्रीमती तेजि विश्वकर्माका नाममा रहेको जिल्ला अर्घाखाची साविक डिभर्ना गा.वि.स. वडा नं. ५ मा दर्ता रहेको जग्गाधनी प्रमाणपूर्जा अनुसारको जग्गा श्रेस्ता कायम गरी पाउँ भनी निवेदक तेजि विश्वकर्माले यस कार्यालयमा निवेदन दिएको हुदा माग बमोजिम जग्गा निजकै हकभोग भित्रको हो वा होईन? निजले यस कार्यालयमा मिसिलसाथ पेश गरेको सक्कलै जग्गाधनी प्रमाणपूर्जा अनुसार तेजि विश्वकर्माका नाममा श्रेस्ता कायम गरिदिदा अन्य कुनै व्यक्तिको जग्गा पर्छ वा पर्दैन ?उक्त जग्गा मध्ये कुनै सरकारी सार्वजनिक प्रकृतिको हो वा होईन? हालसम्म निज वा निजका बाबु /आमा/पति/पत्नी/छोरा/छोरी नाति/नातिनीले नै उक्त जग्गा भोग चलन गरेका छन, छैन ? जग्गाधनीको नाममा उक्त जग्गा कुनै पनि व्यहोराले (राजिनामा/वकसपत्र/दानपत्र/लगायत) बाट हक हस्तान्तरण भएको छ, छैन ? माग भए बमोजिम श्रेस्ता कायम गरिदिंदा कसैको हक मेटिन्छ, मेटिदैन? माथि भनिएको व्यहोरा अनुसारको जग्गा तेजि विश्वकर्माका नाममा श्रेस्ता कायम गर्न मिल्ने वा नमिल्ने? यदि नमिल्ने भए प्रमाण सहित ३५ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न आउनु होला। अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा श्रेस्ता कायम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिलः

| क्र.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल रोपनी/व.मि. | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डिभर्ना | ५ | १३३१ | २-१-०-० | आवादी | श्रेस्ता कायम |
| २ | डिभर्ना | ५ | ७८५ | ०-६-३-३ | आवादी | श्रेस्ता कायम |
| ३ | डिभर्ना | ५ | ७२९ | ०-१-२-१ | आवादी | श्रेस्ता कायम |

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।

LBF मार्का LBF

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही

फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री

नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।

## Siyari Rural Municipality
### Office of The Rural Municipal Executive
Harniya , Rupandehi

### Invitation for Online Bid

**First Date of publication: 22-08-2025 (2082/05/06)**

1. Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids Under E-Procurement system to the bidders for the Procurement of following works under National Competitive bidding procedure :

| S. N. | Contract Identification Number | Description of Work | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (inclusive of VAT and P.S) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| 1 | 01/NCB/WORS/ SRM/2081-082 | Siyari ward No 6 Milanchowk Dekhi Gidaiya Hudai ward No 5 Jane Sadak Istarunati | 3,10,000.0 120 days | 12,245,589.96 | 3,000.00 |
| 2. | 02/NCB/WORKS/ SRM/2082-083 | Mainahiya Dekhi Chargherawa Jane Batoma Culvert Nirman,Siyari-02,Mainahiya | 65,000.00 120 Days | 24,99,262.44 | 3,000.00 |
| 3. | 03/NCB/WORKS/ SRM/2082-083 | Boharwa Gaun Vitra PCC Dhalan,Siyari Ga.pa.3,Boharwa. | 85,000.00 120 Days | 32,28,941.03 | 3,000.00 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari rural municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल भदौ महिना ६ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

**१) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

एगेन्द्र वि.क.को छोरी चन्द्रविर वि.क.को बुहारी तुल प्रसाद वि.क.को पत्नी बाग्लुङ्ग जिल्ला वा.न.पा. वडा नं. ६ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२ बस्ने **दुर्गा वि.क.** (ना.प्र.नं. : ५०३००१/४३० जारी मिति र जिल्ला : २०६३/११/२७, बाग्लुङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) यगेन्द्र वि.क.को नाति चन्द्र विर वि.क.को छोरा बाग्लुङ्ग जिल्ला वा.न.पा. वडा नं. ६ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२ बस्ने **तुल प्रसाद वि.क.** (ना.प्र.नं. : ५०३००१/३७१ जारी मिति र जिल्लाः २०६३/११/२६, बाग्लुङ्ग)

२) लाल बहादुर कालाको छोरी मिन बहादुर पुनको बुहारी ओम बहादुर पुनको पत्नी गुल्मी जिल्ला जुनिया वडा नं. ५ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२ बस्ने **दोमती पुन** (ना.प्र.नं. : ४११०४८/१०९५६६, जारी मिति र जिल्ला : २०९/०६/२१, गुल्मी)

**२) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

कृष्ण बहादुर भण्डारी क्षेत्रीको छोरी नरभुपाल भण्डारीको बुहारी राजु न्यौपानेको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. ८ हाल, बुटवल उ.म.न.पा. वडा नं. १४ बस्ने **नानुमायाँ भण्डारी** (ना.प्र.नं. : १००७७ जारी मिति र जिल्ला : २०५७/०४/२९, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हरिदत्त न्यौपानेको नाति नरभुपाल न्यौपानेको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं. ८ हाल, बुटवल उ.म.न.पा. वडा नं. १४ बस्ने **राजु न्यौपाने** (ना.प्र.नं. : २२८६९ जारी मिति र जिल्लाः २०४९/०४/१५, रुपन्देही)

२) अमृत पुरीको छोरी वेगम खत्रीको बुहारी ज्ञाम बहादुर खत्रीको पत्नी प्युठान जिल्ला डामृ गा.वि.स. वडा नं. ६ हाल, बुटवल उ.म.न.पा. वडा नं. ६ बस्ने **पदमा खत्री पुरी** (ना.प्र.नं. : ५३३००८-९९८, जारी मिति र जिल्ला : २०६३/११/०५, प्युठान)

**३) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

लोक बहादुर सुनारको बुहारी अमृत सुनारको पत्नी रुपन्देही जिल्ला गजेडी वडा नं. ७ हाल, बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने **रुपा सुनार** (ना.प्र.नं. : ३७-०२-७२-०५४९७ जारी मिति र जिल्ला : २०७२/०८/१६, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

रुप बहादुर सुनारको नाति लोक बहादुर सरनारको छोरा रुपन्देही जिल्ला गजेडी वडा नं. ७ हाल, बुटवल उ.म.न.पा. वडा नं. १३, बस्ने **अमृत सुनार** (ना.प्र.नं. : ३७३०३८/११०९ जारी मिति र जिल्ला : २०६३/११/१७, रुपन्देही)

**४) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

मन बहादुर गुरुङको बुहारी रतन बहादुर गुरुङको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. १५ हाल, बुटवल उ.म.न.पा. वडा नं. १९ बस्ने **देउ माया गुरुङ** (ना.प्र.नं. : ३७-०२-७०-०५४१४ जारी मिति र जिल्ला : २०७०/०७/२७, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

हस्त बहादुर गुरुङको नाति मन बहादुर गुरुङको छोरा रुपन्देही जिल्ला बुटबल वडा नं. १५ हाल, बुटवल उ.म.न.पा. वडा नं.१९ बस्ने **यम बहादुर गुरुङ** (ना.प्र.नं. : ३७३०२४/२५६ जारी मिति र जिल्ला : २०६३/१०/११, रुपन्देही)

**५) शाखा कार्यालय : हरैया शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

पानबीर पुन मगरको बुहारी सुरेश पुन मगरको पत्नी चितवन जिल्ला अयोध्यापुरी वडा नं. ११ हाल, रुपन्देही जिल्ला कञ्चन गा.पा. वडा नं. ४ बस्ने **कमला देबी पुन मगर** (ना.प्र.नं. : ३५१०२८/०९ जारी मिति र जिल्ला : २०६७/०२/०६, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) टेक बहादुर पुन मगरको नाति पानबीर पुन मगरको छोरा चितवन जिल्ला अयोध्यापुरी वडा नं. १ हाल, रुपन्देही जिल्ला कञ्चन गा.पा. वडा नं. ४ बस्ने **सुरेश पुन मगर** (ना.प्र.नं. : १२०४/०४४ जारी मिति र जिल्ला : २०६०/०८/०५, चितवन)

२) रत्न बहादुर पुनको नाति नर बहादुर पुनको छोरा रुपन्देही जिल्ला गजेडी वडा नं. ५ हाल, कञ्चन गा.पा. वडा नं. ४ बस्ने **शेर बहादुर पुन** (ना.प्र.नं. : ५२७०९ जारी मिति र जिल्ला : २०३६/११/१९, रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला रुपन्देही साविक छोटकी रामनगर गा.वि.स. हाल ओमसतिया गा.पा. वडा नं. ६ को च.नं.४ मिति २०८२/०४/०४ सिफारीस संलग्न राखी हाम्रो देवर/ काका त्रिलोकि नाथ पाण्डे भन्ने हरिहर दास वैरागीको नाममा जोतभोग कायम रहेको सर्वे नापीमा नापी भई दर्ता हुन छुट भएको साविक छोटकी रामनगर वडा नं. ६क कि.नं. ६१४, ७०, ७३, ५३, ५०, ९८,७१, १३१, १७२, १७४, ३३०, ३३३, ३३८, ३५८, ४३९, ६४५, ऐ. ऐ. ६ख १, ५, ऐ.ऐ.६ग १५, २५, ८६,८८,९१, १४५, ऐ.ऐ. ६क ४६६, ४४६ जग्गा मालपोत ऐन, २०३४ को दफा ७ (२) तथा नेपाल राजपत्रमा मिति २०८०/१० /११ मा प्रकाशित सुचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउा भनी मिति २०८२/०४/१४ गते मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन दिनुभएकोमा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ।

जग्गाको विवरण

| सि.नं. | जिल्ला | गाउँपालिका | वडा | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | रुपन्देही | पजरकट्टी | ६क | ६१४ | ०-३-५ |
| २. | " | " | " | ७० | ०-३-५ |
| ३. | " | " | " | ७३ | ०-०-१७ |
| ४. | " | " | " | ५३ | ०-२-१५ |
| ५. | " | " | " | ५० | ०-४-१० |
| ६. | " | " | " | ९८ | ०-१-५ |
| ७. | " | " | " | ७१ | ०-४-५ |
| ८. | " | " | " | १३१ | ०-१-५ |
| ९. | " | " | " | १७२ | ०-०-१७ |
| १० | " | " | " | १७४ | ०-३-१० |
| ११. | " | " | " | ३३० | ०-०-६ |
| १२. | " | " | " | ३३३ | ०-०-१९ |
| १३. | " | " | " | ३३८ | ०-३-० |
| १४. | " | " | " | ३५८ | ०-२-५ |
| १५. | " | " | " | ४३९ | ०-१-३ |
| १६ | " | " | " | ६४५ | ०-४-१५ |
| १७. | " | " | ६ख | १ | ०-५-५ |
| १८. | " | " | " | ५ | ०-२-१२ |
| १९ | " | " | ६ग | १५ | ०-२-५ |
| २०. | " | " | " | २५ | ०-२-० |
| २१. | " | " | " | ८६ | ०-१-७ |
| २२. | " | " | " | ८८ | ०-०-१५ |
| २३ | " | " | " | ९१ | ०-४-१५ |
| २४. | " | " | " | १४५ | ०-२-० |
| २५. | " | " | ६क | ४६६ | ०-३-० |
| २६. | " | " | " | ४४६ | ०-२-१० |

## २६ औं वार्षिक साधारण सभा तथा नवौं निर्वाचन अन्तर्गत निर्वाचन कार्यतालिका सम्बन्धी सूचना

प्रकाशित मिति २०८२।०५।०६ गते शुक्रबार, (मेचीकाली सन्देश राष्ट्रिय दैनिक पत्रिका)

यस सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि. वुटवल-०९, रुपन्देहीको मिति २०८२।०४।०९ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको २६ औं वार्षिक साधारण सभा तथा नवौं निर्वाचन मिति २०८२ भाद्र २१ गते, शनिवार सम्पन्न गर्ने निर्णय भएको र सो निर्वाचनबाट संस्थाको बिनियम तथा निर्वाचन कार्यबिधि अनुसार नयाँ संचालक समिति तथा लेखा सुपरीवेक्षण समिति चयन गर्नुपर्ने भएकोले तपसिलको निर्वाचन कार्यतालिका तय गरिएको सम्पुर्ण शेयर सदस्यहरुमा जानकारी गराइन्छ।

| क्र.सं. | मिति | समय | कार्यक्रम | स्थान |
|---|---|---|---|---|
| १ | २०८२।०५।१० | दिनको ११ : १५ बजे | मतदाता नामावली प्रकाशन | संस्थाको कार्यालय |
| २ | २०८२।०५।१२ | दिनको ४:०० बजेसम्म | छुट नाम दर्ता सच्याउने वा हटाउने | संस्थाको कार्यालय |
| ३ | २०८२।०५।१३ | दिनको ११:१५ बजेसम्म | अन्तिम नामावली प्रकाशन | संस्थाको कार्यालय |
| ४ | २०८२।०५।१५ | दिनको ११:०० देखी ४:०० बजे सम्म | उम्मेदवारी दर्ता | संस्थाको कार्यालय |
| ५ | २०८२।०५।१७ | दिनको ११:१५ बजे | उम्मेदवारको नामावली प्रकाशन | संस्थाको कार्यालय |
| ६ | २०८२।०५।१८ | दिनको ११:०० देखी ४:०० बजेसम्म | दावी विरोध र उम्मेदवारी नाम फिर्ता | संस्थाको कार्यालय |
| ७ | २०८२।०५।२० | दिनको ११:०० देखी ३:०० बजेसम्म | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन | संस्थाको कार्यालय |
| ८ | २०८२।०५।२१ | दिनको ३:०० बजे देखि ५:०० बजेसम्म | मतदान कार्यक्रम | सिद्धार्थ कटेज वु.उ.म.पा. ०९, रुपन्देही |
| ९ | २०८२।०५।२१ | मतदान सम्पन्नपछि | मतगणना | सिद्धार्थ कटेज वु.उ.म.पा. ०९, रुपन्देही |
| १० | २०८२।०५।२१ | मतगणना सम्पन्न पछि | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण | सिद्धार्थ कटेज वु.उ.म.पा. ०९, रुपन्देही |
| ११ | | कार्यक्रम समापन | | |

क) निर्वाचन सम्वन्धी सम्पूर्ण प्रक्रिया निर्वाचन कार्यविधि अनुसार हुनेछ।
ख) विवादित बिषयमा निर्वाचन उप समितिको निर्णय नै अन्तिम हुनेछ।

**निर्वाचन उप-समिति**

**सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि.**
वुटवल-०९, रुपन्देही, फोन : ०७१-५३६२६५